# मदाने गाउँपालिका

## गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# मदाने राजपत्र

| | |
|---|---|
| वर्ष : १ | अंक : १ |

## भाग : २

गाउँकार्यपालिकाबाट मिति २०७४।११।०२ मा महिला,बालबालिका तथा समाजकल्याण कार्यक्रम सञ्चालन कार्यविधि २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# महिला, बालबालिका तथा समाजकल्याण कार्यक्रम सञ्चालन कार्यविधि २०७४

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

| कार्यविधि संख्या :- | १ |
|---|---|

# महिला, बालबालिका तथा समाजकल्याण कार्यक्रम सञ्चालन कार्यविधि २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४।११।०२ |
|---|---|

मदाने गाउँपालिका

# मदाने गाउँपालिका

## पुर्कोटदह, गुल्मी

## प्रदेश नं. ५, नेपाल

# महिला, बालबालिका तथा समाज कल्याण कार्यक्रम सञ्चालन कार्यविधि २०७४

मदाने गाउँपालिका भित्र रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित समूदायका लागि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा विकासात्मक क्रियाकलाप संचालन गरि सामाजिक न्याय, सद्‌भाव र समानता कायम गर्नका लागि विशेष व्यवस्था कायम गर्न आवश्यक भएकोले गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम महिला, बालबालिका तथा समाजकल्याण कार्यक्रम संचालन कार्यविधि २०७४ हुनेछ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) स्थानिय सरकार भन्नाले गाउँकार्यपालिका सम्झनु पर्नेछ ।

मदाने गाउँपालिका

ख) कार्यालय भन्नाले मदाने गाउँपालिकाको कार्यालयलाई जनाउनेछ ।

ग) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

घ) उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई जनाउनेछ ।

ङ) कोष भन्नाले लक्षित वर्गसँग सम्बन्धित गाउँपालिका द्धारा स्थापित कोष सम्झनुपर्नेछ ।

## ३. महिला विकास कार्यक्रम संचालन गर्नका लागि लक्षित समूह भन्नाले देहायबमोजिम बुझिनेछ

१. ग्रामीण क्षेत्रका २० वर्ष माथिका विपन्न महिलामा महिला विकास कार्यक्रम लक्षित छ । विपन्न महिला भन्नाले देहाय बमोजिम बुझिनेछ ।

- कहिल्यै विद्यालय नगएका वा गएतापनि प्रवेशिका परिक्षा उत्तिर्ण गर्न नसकेका शैक्षिक रुपमा बञ्चित महिला,
- आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्षदिन खान नपुग्ने परिवारका आर्थिक रुपमा बञ्चित महिला,

२. अन्य व्यवस्था गाउँ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

मदाने गाउँपालिका

## परिच्छेद २

## उद्देश्य

१.सबै वर्ग र क्षेत्रका महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्नु ।

२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र वहिष्करणको अन्त्य गर्नु ।

३.सिप विकास तालिम प्रदान गरि मुलुकमा उपलब्ध रोजगारीका अवसरहरु उपयोग गर्न सक्षम तुल्याउनु ।

४. सामाजिक संरक्षणका कार्यक्रमलाई समावेशी,गुणस्तरीय एवं प्रभावकारी बनाई लोक कल्याणकारी राज्यको स्थापनामा सहयोग पुर्‍याउनु ।

५.लक्षित वर्ग समूदायको बहुपक्षिय हित प्रवर्धन गर्दै विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यन्वयन गर्नु ।

## परिच्छेद ३

## कार्यक्रम कार्यन्वयन

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिका लागि लक्षित कार्यक्रम गाउँपालिकाको योजना अनुसार  कार्यन्वयन गरिनेछ ।

महोत्तरी गाउँपालिका

२.लक्षित कार्यक्रमहरु विकासात्मक वा क्षमता अभिवृद्धिमूलक हुन सक्ने छन् । यस्तो कार्यक्रम गाउँसभाबाट पारित गरि कार्यान्वयन गरिने छ ।

३. अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबााट संचालन हुने कार्यक्रम समेत गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरि संचालन गरिनेछ ।

## परिच्छेद ४
## मूल्याङ्कन समिति

मदाने गाउँपालिकाद्वारा सञ्चालन हुने महिला, बालबालिका , ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गका कार्यक्रमको मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको कर्मचारी | सदस्य |

मदाने गाउँपालिका

## परिच्छेद ५
## अनुगमन

यसरी सञ्चालित कार्यक्रमको अनुगमन मदाने गाउँपालिकाको कार्यालयले गर्नेछ ।

## परिच्छेद ६
## थपघट वा हेरफेर गर्न सक्ने

१.यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट/हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा,अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।